# सिद्धार्थनगर नगरपालिका कार्यालय



# बार्षिक सुशासन प्रतिवेदन

२०७१/०७२

**सिद्धार्थनगर, रुपन्देही**

२०७२ श्रावण

# विषय सूचि


| परिच्छेद | शिर्षक | पेज नं. |
|---|---|---|
| १ | सेवा प्रवाहको अवस्था | १ |
| १.१ | पृष्ठभूमी | १ |
| १.२ | भूउपयोग | १ |
| १.३ | सिमाना | २ |
| १.४ | नगरपालिकाका प्रमुख पर्यटकियस्थलहरु | २ |
| १.५ | नगरपालिकामा सेवाप्रवाहको अवस्था | २ |
| १.६ | सुशासनको अवस्था | ३ |
| १.७ | सुशासन स्थापनाका लागि गरिएका सकारात्मक प्रयाशहरु | ३ |
| २ | नगरपालिकाको कार्य सम्पादनको अवस्था | ५ |
| २.१ | नगरपालिकाको कार्यसञ्चालन तथा सम्पादनको अवस्था | ५ |
| २.२ | योजना निर्माण प्रकृयामा जनसहभागिता | ५ |
| २.३ | वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको सकृयता | ६ |
| २.४ | उपभोक्ता समितिको सकृयता | ७ |
| २.५ | लक्षित बर्गको बजेट विनियोजन तथा खर्चको अवस्था | ७ |
| २.६ | नगरपालिका भित्र विभिन्न समिति, उपसमितिहरुको क्रियाशिलताको अवस्था | ७ |
| ३ | न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा नगरपालिका | ८ |
| ४ | स्थानीय शासनमा पारदर्शिता र जवाफदेहिता | ९ |
| ४.१ | नगरपालिका भित्रका उत्तरदायित्व अनुगमन सम्बन्धमा कार्य गरीरहेका गैसस एव नागरिक समाजका संस्थाहरु, क्रियाकलापहरु र कार्यक्षेत्र | ९ |
| ४.२ | नागरिकप्रतिको जवाफदेहीता वृद्धि गर्न संयन्त्र कार्यान्वयनको अवस्था | ९ |
| ५ | अन्तर सम्वन्ध र समन्वय | १३ |
| ५.१ | ठाडो समन्वय | १३ |
| ५.२ | तेर्सो समन्वय | १३ |
| ५.३ | गैरसरकारी संघसंस्था तथा नागरिक समाजसंगको समन्वय | १४ |
| ५.४ | सञ्चार माध्यमसंगको सहकार्य | १४ |
| ६ | निष्कर्ष र सझावहरु | १५ |
| ६.१ | निष्कर्षहरु | १५ |
| ६.२ | सुझावहरु | १५ |

# परिच्छेद एक

# सेवा प्रवाहको अवस्था

## १.१ पृष्ठभूमी

सिद्धार्थनगर नगरपालिका नेपालको पुरानो नगरपालिकामध्ये एक हो । यसको स्थापना वि.सं. २०२४ (सन् १९६७) मा भैरहवा नगर पञ्चायतका रुपमा भएको हो । सिद्धार्थनगरको रुपमा वि.सं. २०४७ जेष्ठ २८ गते (सन् १९९०) नामाकरण भएको हो । यस नगरपालिकाको भौगोलिक अवस्थितिलाई हेर्दा ८३° २६' पूर्वी देशान्तर देखि २७° ३१' उत्तर अक्षांसमा रहेको छ । यो नगरपालिका समुद्र सतहबाट ११० मिटर उचाईमा रहेको छ । नगरपालिकाको क्षेत्रफलको ३६.०३ व.कि.मी. रहेको छ । २०६८ सालको राष्टिय जनगणना अनुसार नगरपालिकाको जनसंख्या ६३४८३ रहेको छ । जसमध्ये महिलाको संख्या ३१८१० र पुरूषको संख्या ३१६७३ रहेको छ । घरधुरी संख्या १२,४९७, प्रति परिवार औषत सदस्य संख्याः ५.०७ र जनघनत्व प्रति वर्ग कि.मीं ३०१२ जना रहेको छ । जनसंख्याममा पुरुष महिला अनुपात १ः १.०५ रहेको छ । नगरमा वसोवास गर्ने प्रमुख जातिहरुमा ब्राहमण (पहाडी), मुसलमान, क्षेत्री, मगर, गुरूङ्ग आदि छन् । राजनीतिक/प्रशासनिक दृष्टिले यो नगरपालिका रुपन्देहिको निर्वाचन क्षेत्र नं. २ मा रहेको छ र जम्मा १३ वटा वडामा विभाजित छ । पछिल्लो तथ्यङ्क अनुसार नगरपालिकाको साक्षरता दर ७८.९४% रहेको छ । क्षेत्रिय अन्तराष्ट्यि विमानस्थलको रुपमा निर्माणाधिन गौतम बुद्ध विमानस्थल यसै नगरपालिका भित्र पर्दछ । गौतम बुद्धको जन्मस्थल लुम्विनी यस नगरपालिकाबाट २२ कि.मि.को दूरीमा रहेको छ ।




## १.२ भू–उपयोगः

सिद्धार्थनगर नगरपालिकाको कूल भूभागमध्ये अधिकांश भूभाग अझै पनि कृषियोग्य भूमीको रुपमा रहेको छ । यहांका १,२,४,९,१० र ११ नं वडाका वासिन्दाहरुको प्रमुख पेशा अहिले पनि कृषि नै हो । यद्यपी यहांका कृषकहरुमा अझै पनि व्याबसायिकताको विकास भैसकेको छैन । अशिक्षा र गरिबीको अवस्था यी क्षेत्रहरुमा विद्यमान रहेको छ । नगरपालिकाको भूउपयोग अवस्था तल उल्लेख छ :

| क्र.सं. | वर्गीकरण | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि क्षेत्र | २९६५ | ८२.२९% |
| २. | आवास क्षेत्र | ३११ | ८.६३% |
| ३. | बजार क्षेत्र | ५५ | १.५३ % |
| ४. | अन्य क्षेत्र | २७२ | ७.५५% |

## १.३ सिमाना

सिद्धार्थनगर नगरपालिकाको सिमाना पूर्वमा बगाहा र बसन्तपुर गा.वि.स., पश्चिममा हाटी बनगाई गा.वि.स. उत्तरमा पडसरी र फर्साटिकर गा.वि.स. र दक्षिणमा भारतको सुनौली (महाराजगञ्ज जिल्ला) रहेका छन्। यो नगरपालिका नेपालको पश्चिमाञ्चल क्षेत्रको निमित्त भारत नेपाल प्रबेशद्वारको रुपमा रहेको छ।

## १.४ नगरपालिकाका प्रमुख पर्यटकियस्थलहरु

नगरपालिका क्षेत्रभित्र प्रमुख पर्यटकियस्थल नभएता पनि लुम्बिनी, देवदह र तिलौराकोट जस्ता पवित्र धार्मिकस्थलको सन्नीकटता र नेपाल भारत व्यापारको प्रमुख नाका भएको कारण यस नगरपालिकामा पर्यटन विकासको ठूलो संभावना रहेको छ। लुम्बिनी क्षेत्रको भ्रमणका लागि आउने पर्यटकहरु तथा भारतबाट स्थलमार्ग हुदै लुम्बिनी र नेपालका अन्य क्षेत्रहरुको भ्रमणका लागि आउने पर्यटकहरुका निमित्त सिद्धार्थनगर भरपर्दो विश्रामस्थलको रुपमा विकसित भैरहेको छ। पर्यटकहरुको आरामदायी बसोवासका लागि नगरक्षेत्रभित्र प्रशस्त सुविधायुक्त होटलहरु रहेका छन्।

## १.५ नगरपालिकामा सेवा प्रवाहको अवस्था

सिद्धार्थनगर रुपन्देही जिल्लाको सदरमुकाम पनि भएको कारण जिल्लाका अधिकांश सरकारी कार्यालयहरु यसै नगरक्षेत्रमा रहेका छन्। यस्ता विषयगत कार्यालयहरुबाट प्रदान गरिने सेवा प्रबाहको अवस्था गत वर्ष सन्तोषजनक रहेको छ। नगरपालिकाबाट यस्ता विषयगत कार्यालयहरुसंग आवस्यक समन्वय गरि कार्यक्रम कार्यान्वयन गर्ने गरिएको छ। चौमासिक रुपमा न.पा.ले आयोजना गर्ने सार्वजनिक सुनुवाईमा विषयगत कार्यालयको तर्फवाट उपस्थिति भई नागरिकका गुनासाहरुको जवाफ र आवस्यक प्रतिवद्धता व्यक्त गर्ने गरेवाट पनि सेवाप्रवाह छिटो छरितो हुनुको साथै सार्वजनिक निकायहरुमा जवाफदेहिता अभिवृद्धि भएको छ।

नगरपालिकाले आर्थिक बर्ष २०७१।७२ मा नागरिक वडापत्रमा उल्लेख भएका सेवाहरु नियमित रुपमा प्रवाह गरेको छ। सेवा प्रवाहलाई थप व्यवस्थित गर्न क्षतीपूर्ति सहितको नागरिक वडा जारी गरी कार्यान्वयन गरिएको छ। यस नगरपालिकाले सडक, ढल जस्ता भौतिक पूर्वाधार विकास, नियमित नगर

सरसफाई, दमकल सञ्चालन, सडकवत्ति व्यवस्थापन घरनक्सा स्वीकृति तथा विभिन्न किसिमका सिफारिश सम्बन्धी सेवा नियमित रुपमा प्रवाह गर्ने गरेको छ। यस बर्षमा नगरक्षेत्रमा भुकम्प बाढी पहिरो, महामारी जस्ता विपदहरुबाट उल्लेखनिय क्षति पुगेको छैन। विपद सम्वन्धी सावधानी र पूर्वतयारी भने गर्ने गरिएको छ।

## १.६ सुशासनको अवस्था

आर्थिक बर्ष २०७१/७२ मा चालु खर्चतर्फ रु ९,४४,८५,००० र पूजिगततर्फ रु २६,१४,१२,०७४ गरी जम्मा रु ३५,५८,९७,०७४ को बजेट स्वीकृत गरिएको थियो। स्वीकृत बजेटमध्ये आन्तरिक स्रोतबाट रु ४,८८,४८,०६१, अनुदानतर्फ रु ७,४८,८२,०००, राजश्व वाडफँडबाट रु ५५,००,०००, ऋण रु १००,००,००० र बैदेशिक अनुदान (ए.डि.वि)तर्फ रु १८,३६,२६,१०० हुने गरी बजेट स्वीकृत भएकोमा आन्तरिक स्रोततर्फ रु ४,९८,१९,९९०।४१ यथार्थ आय भएको छ भने बाहृय स्रोततर्फको आम्दानी रु २९,१०,६१,२०,५६७।८३ रहेको छ। प्रस्तुत बजेटबाट नगरपरिषद्ले स्वीकृत गरेका योजना तथा कार्यक्रमहरु सञ्चालन भएका छन्।

नगरपालिकाको १३ वटै वडाहरुमा वडा सचिवहरुको दरबन्दी रहेको र सवै दरवन्दीहरु पुर्ति भएको अवस्था छ। वडा सचिवहरुको उपस्थिती र सेवा प्रवाह नियमित रहेको छ। यस बर्ष नगरपालिकाले १२३ वटा योजनाहरु सञ्चालन गरेको छ। आन्तरिक स्रोततर्फका करीब ५ प्रतिशत योजना बाहेक अन्य सवै योजनाहरु आषाढ मसान्त भित्रै सम्पन्न भएका छन्। नगरपालिकामा उपलब्ध प्राविधिक जनशक्तिको तुलनामा कार्यबोझ बढ्दै गएको छ। खासगरी निर्वाचन क्षेत्र विकास कार्यत्रम र जिल्ला विकास समितिबाट ३ लाख भन्दा कम लागतका योजना सञ्चालन नगरपालिका मार्फत गर्ने नितिले गर्दा योजनाहरुको संख्या वृद्धिसंगै कार्यबोझ समेत बढ्न गएको छ।

नगरपालिकाबाट ठूला आयोजनाहरु कार्यान्वयन गर्दा पूर्व सम्भाव्यता अध्ययन तथा विस्तृत सर्भे डिजाईन समेत गर्ने गरिएको छ। सवै योजनाहरुको लागत अनुमान तयार गरी स्वीकृत गर्ने गरिएको छ। यस बर्ष उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरुमा नगर विकास प्रशिक्षण केन्द्रसंगको साझेदारीमा ४ दिने आयोजना निर्माण वयवस्थापन तालिम सञ्चालन गरिएको छ। रु ५ लाख भन्दा बढी लागतका आयोजनाहरुमा आयोजनास्थलमा सूचना पार्टी राख्ने गरिएको छ। सवै योजनाहरुको सार्वजनिक परीक्षण गर्ने गरिएको छ। प्राविधिक कर्मचारीहरुबाट सवै योजनाहरुमा नियमित अनुगमन तथा सुपरीवेक्षण गर्ने गरिएको छ। नगरस्तरिय अनुमगन तथा सुपरीवेक्षण समितिबाट गत बर्ष जम्मा ५ पटक योजनाको स्थलगत अनुगमन गर्ने कार्य सम्पन्न भएको छ। अयोजना कार्यान्वयनको समयमा अनुगमनको लागि एउटा आयोजनाको लागि सरदर ४ पटकसम्म प्राविधिक कर्मचारी खटिने गरेको छ। अनुगमनमा वडा नागरिक मञ्चको समेत कियाशिलता वढेको छ। नगरस्तरीय अनुगमन समितिवाट पनि आयोजनाको गुणस्तरीय निर्माणको लागि आवस्यक पृष्ठपोषण दिने गरिएको छ।

नक्सा पास र भवन आचार संहिताको पालना सम्बन्धमा यस बर्ष नगरपालिकाबाट जम्मा ३७८ वटा घर नक्साको अस्थायी स्वीकृती र ४९५ वटा घरनक्साको स्थायी स्वीकृती प्रदान गरिनुका साथै २४८ घरहरुको निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गरिएको छ। भवन आचार संहिता २०७० श्रावण १ देखि कार्यान्वयनमा

ल्याईएको छ ।

## १.७ सुशासन स्थापनाका लागि भएका सकारात्मक प्रयासहरु

सिद्धार्थनगर नगरपालिकाले सुशासनका लागि क्षतीपुर्ति सहितको नागरिक वडापत्र जारी गरी कार्यान्वयन गरिरहेको छ । वेवसाईट मार्फत वित्तिय, भौतिक तथा सेवा प्रवाह सम्वन्धी प्रगति विवरणहरु सार्वजनिकीकरण गरिरहेको छ । राय, सल्लाह र सुझावको लागि ***हेलो सिद्धार्थनगर*** नामबाट फेसवुक सञ्चालनमा ल्याएको छ । सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण जस्ता क्रियाकलापले सुशासन कायम गर्नमा थप टेवा पुगेको छ । नगरपालिका बोर्ड बैठकका निर्णयहरु तथा अन्तिम लेखा परीक्षण प्रतिबेदनहरु वेवसाईट मार्फत सार्वजनिक गर्ने गरिएको छ । नियमित प्रगति समिक्षा बैठकको आयोजना पनि यस क्षेत्रका सकारात्मक प्रयासहरु हुन् ।

नगरपालिकाले आम्दानी खर्चको बिवरण मासिक, चौमासिक तथा बार्षिक रुपमा सार्वजनिक गर्दै आईरहेको छ । सामाजिक सुरक्षा भत्ता कार्यक्रम अन्तरगत ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्ग तथा दलित बालबालिकाहरुलाई बैक मार्फत बितरण गर्ने गरिएको छ । यस्तो भत्ता प्राप्त गर्ने व्यक्तिहरुको नाम नामेसी सार्वजनिक गर्ने व्यवस्था मिलाईएको छ । सूचनाको हक सम्बन्धी तालिम सञ्चालन पश्चात नगरपालिकामा सूचना माग गर्ने क्रम अत्यधिक रुपमा वृद्धि भएको छ । यस अनुरुप गत बर्षको पौष दखि आषाढसम्ममा २८ जना निवेदकहरुलाई निजको माग बमोजिमको सूचना उपलब्ध गराईएको छ । सूचनाको क्षेत्रमा उत्कृष्ठ कार्य गरेबापत यस नगरपालिकाका शाखा/सूचना अधिकृतले राष्ट्रिय स्थानीय अवार्ड २०७१ प्राप्त गर्न सफल भएका छन् ।

नगरपालिकाबाट वडा कार्यालय र नागरिक सचेतना केन्द्रहरुको नियमित अनुगमन गरिएको छ । नगरपालिकामा प्राप्त हुने उजुरी तथा डेलिगेशन टोलिका सुझाव र गुनासाहरुको नियमित रुपमा सुनुवाई गर्ने गरिएको छ । यस बर्ष नगरपालिकामा जिल्ला प्रशासन कार्यालयबाट १ वटा, अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट १९ वटा र जनस्तरबाट ८१ वटा उजुरीहरु पर्न आएका थिए । नगरपालिकाले सुनुवाई गर्नुपर्ने उजुरीहरुमध्ये मेलमिलाप केन्द्रबाट ४४ वटा उजुरीहरुमा दुबै पक्षबीच सहपमी कायम गराईएको छ भने अन्य निकायमा उजुरी परी माग भएका विवरण तथा कागजातहरु समयमै उपलब्ध गराईएको छ ।

नगरपालिकमा विभिन्न गैर सरकारी संघ संस्थाहरुले विभिन्न विषयमा काम गरेका छन् । न.पा. ले उक्त संस्थाहरुमध्ये सामाजिक परिचालनका लागि पलकेश नेपाल र एकिकृत शहरी विकास कार्यक्रमका लागि एन.आर.डि.सि. नामक संस्थासंग साझेदारीको रुपमा काम गर्दै आएको छ । गैर सरकारी तथा सामुदायीक संस्थाहरुको कार्यक्रमको अनुगमन तथा समिक्षा गर्ने र कार्यक्रमहरुका विचमा समन्वय गर्ने गरिएको छ । अनुगमनको लागि ऐन, नियम तथा कार्यविधिले तोके अनुसार विषयगत कार्यालय तथा नगरस्तरीय सरोकारवालाहरुको प्रतिनिधित्व रहने गरेको छ । यस्ता समितिहरु तोकिएको जिम्मेवारी निर्वाहका लागि कृयाशिल रहेने गरेका छन् । यि समितिहरुवाट सम्वन्धित विषयमा समय समयमा अनुगमन समेत हुने गरेको छ । नगर सामाजिक परिचालन तथा समन्वय समितिबाट समेत सामाजिक परिचालन सम्वन्धी गतिविधिहरुको अनुगमन हुने गरेको छ ।

# परिच्छेद दुई

# नगरपालिकाको कार्य सम्पादनको अवस्था

## २.१ नगरपालिकाको कार्यसञ्चालन तथा सम्पादनको अवस्थाः

सिद्धार्थनगर नगरपालिको सवै १३ वडाहरुका वडा समिति तथा नगरपालिका कार्यालयवाट दैनिक सेवा प्रवाह गर्ने गरेको छ। यी कार्यालयहरुवाट न.पा.को साधन र स्रोतको सिमामा रहेर कार्यसम्पादन हुंदै आएको छ। सेवा प्रवाहमा स्थानीय स्वायत्त शासन ऐन, नियमावलीले गरेका व्यवस्थालाई पूर्णतया पालना भएको छ। वडाहरुवाट भए गरेका कामहरुको मासिक रुपमा तथ्याङ्क सहित समिक्षा हुने गरेको छ। विगतको वर्षमा वडा कार्यालयहरुबाट खुल्ला दिसामुक्त अभियान, सरसफाई अभियान, खोप अभियान तथा पूर्ण साक्षरता जस्ता राष्ट्रिय अभियानहरुमा अधिकतम रुपमा जनपरिचालन गरि लक्ष्यहरु हासिल गर्न सहयोग प्रदान गरिएको छ।

योजना तर्जुमा गर्दा पूर्व योजना तर्जुमा गोष्ठिबाट बजेट सिलिङ्ग तयार गरी सहभागितामूलक योजना तर्जुमा गरी पठाउन वडा भेलाको लागि आव्हान गर्ने गरिएको छ। वडा भेला हुनु अगावै न.पा.का सवै १३ वडाहरुमा वडा नागरिक मञ्चहरुको गठन गरिएको छ। उक्त मञ्चका सदस्यहरुलाई एल.जि.सि.डि.को सहयोगमा स्थानीय योजना तर्जमा तथा प्राथमिकरण सम्वन्धी अनुशिक्षण प्रदान गरिएको छ। तत्पश्चात वडा नागरिक मञ्चको अगुवाई र सकृयतामा वडाका वस्ति एवं टोलहरुमा न.पा.वाट प्राप्त वजेट सिलिङको अधिनमा रही कार्यक्रम तथा आयोजनाको विषयमा छलफल गर्दै वडा भेलाहरु सम्पन्न भएका छन्। भेलावाट आएका योजना तथा कार्यक्रमहरुलाई एकिकृत योजना तर्जुमा समितिको बैठकमा राखी छलफल गरिएको छ। एकीकृत योजना गर्जुमा समितिबाट पारित योजना तथा कार्यक्रमहरुलाई न.पा. वोर्ड बैठकवाट छलफल गरि परिषद् समक्ष पेश गरिएको र परिषद्बाट योजना तथा कार्यक्रमलाई अनितम स्वीकृति दिइएको छ।

चालु आ.ब. २०७२/०७३ को बार्षिक नीति योजना तथा कार्यक्रम तय गर्नमा वडा नागरिक मञ्चका सदस्यहरुको सकृयता महत्वपूर्ण रहन गयो। यि मञ्चहरुवाट सिफारिस कार्यक्रम तथा आयोजनाहरु मध्ये ८० प्रतिशत भन्दा वढि योजना तथा कार्यक्रमहरु नगर परिषदबाट पारित भएका छन्। लक्षित वर्गहरुका मागहरु र आवस्यकताहरु समेत यथासंभव सम्वोधन भएका छन्। सामाजिक क्षेत्रका कार्यक्रमहरुले नगर योजना तर्जुमाको ईतिहासमा पहिलो पटक प्राथमिकता पाएका छन्।

नगरपालिकाले कार्यान्वयनमा ल्याएका योजनाहरुलाई राम्रोसंग सञ्चालन गरी चुस्त र दुरुस्त रुपमा सम्पन्न गर्नको लागि सहयोग पुर्‍याउन स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थाप कार्यविधि २०६९ बमोजिम योजना सुपरीवेक्षण तथा अनुगमन समिति गठन भएको छ। सो समितिले प्रत्येक योजना सञ्चालन भएको स्थानमा पटक पटक पुगी राय सल्लाह सुझाव दिने गरेको छ। समितिको पदाधिकारीले दिएको सल्लाह सुझावलाई नगरपालिकाले अनुसरण गर्दै कार्यान्वयन गर्दै आएको छ।

## २.२ योजना निर्माण प्रक्रियामा जनसहभागिता :

योजना तर्जुमा गर्दा सहभागितामुलक विधिको अवलम्वन भएको छ। नगरपरिषद् बैठक नियमावलीले तोकेको समयमै सम्पन्न भएको छ। बस्तीस्तरका योजना संकलन र प्राथमिकीकरण गर्नमा वडा नागरिक मञ्चहरुको भूमिका प्रभावकारी रहेको छ। लक्षित वर्गका योजना छनौटमा नगारिक सचेतना केन्द्रहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

## २.३ वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको सक्रियता :

### क) वडा नागरिक मञ्च

योजना प्रकृया शुरुहुनु अगावै अर्थात् २०७१ कार्तिक मंसिर महिनामा ६ वटा सामाजिक परिचालन कार्यक्रम लागु भएका वडामा वडा नागरिक मन्चको पुर्नगठन र अन्य ७ वडाहरुमा वडा नागरिक मञ्चको गठन गरियो। योजना प्रकृयामा वडा नागरिक मञ्चको पुर्ण संलग्नता रहेको छ। निर्वाचित प्रतिनिधी नभएको शुन्य अवस्थामा यस मञ्चले सहभागितात्मक योजना तर्जुमा प्रकृयामा सहयोग गरेको छ। वडा तहमा न.पा.को बजेट सिलिङ्गको आधारमा छलफल चलाई प्राथमिकताको आधारमा लक्षित वर्ग अन्तरगतका योजना र अन्य योजनाहरु स्पष्ट छुट्टिने गरी एकिकृत योजना तर्जुमा समिति समक्ष सिफारिश भएको छ। वडा नागरिक मञ्चवाट सिफारिश गरिएको ६३ आयोजनाहरु मध्ये ४३ वटा योजनाहरु नगरपरिषद्वाट २०७२।०७३ को लागि पारित भएका छन्। कुल पुंजिगत बजेको ६ प्रतिहत भन्दा वढि रकम सामाजिक क्षेत्रमा विनियोजन भएको छ।

वडा नागरिक मञ्च तथा नगरपालिकाको महत्वपुर्ण प्रयासको कारण लक्षित वर्गका क्षमता विकास कार्यक्रम, आयआर्जन तथा रोजगारमूलक कार्यक्रमहरु १३ वटै वडाहरुका लागि पारित भएका छन्। सामाजिक परिचालकहरुले वडा नागरिक मञ्चको सदस्य सचिवको रुपमा काम गर्दै आवश्यक सहजिकरण गर्दै आएका छन्। १३ जना सामाजिक परिचालकहरु तथा वडा नागरिक मञ्चका संयोजकहरुलाई योजना तर्जुमा प्रकृया तथा सार्वजनिक परिक्षण सम्बन्धी विषयमा LGCDP/LDTA/LGAF को समन्वयमा नगरपालिकावाट विभिन्न चरणमा तालिम प्रदान गरिएको छ। वडा नागरिक मञ्चवाट उपभोक्ता समिति गठन देखि आयोजना कार्यन्वयन र अनुगमनमा सहयोग प्राप्त हुने गरेको छ।

नगरपालिकाबाट संचालित प्रत्येक आयोजनाको लागि अनुगमन समितिगठन हुने र यो समितिको बैठकमा वडा नागरिक मञ्चवाट १ जना पुरुष र १ जना महिलाको उपस्थिती रहने गरेको छ। आयोजना सम्पन्न पश्चात सार्जजनिक परिक्षण हुने गरेको र यसमा वडा नागरिक मञ्चका सदस्यहरुको उल्लेख्य उपस्थिती, सहयोग र सहजिकरण हुने गरेको छ। गत वर्ष सम्पन्न सवै १२३ आयोजनाको सार्वजनिक परिक्षण कार्य सम्पन्न गरिएको छ। वडा नागरिक मञ्चका सदस्यहरुको नगरपालिकाबाट संचालित सरसफाई कार्यक्रम, खुल्ला दिशामुक्त अभियान, चेतनामुलक अभियान, सामुदायिक मेलमिलाप, नागरिक सचेतना केन्द्रबाट संचालित जिविकोपार्जन कार्यक्रम आदीमा समेत सकृय संलग्नता रहने गरेको छ।

**ख) नागरिक सचेतना केन्द्र**

यस नगरपालिकामा वि.स.२०६८ सालवाट सामाजिक परिचालन कार्यक्रम कार्यान्वनमा रहेको छ । जस अन्तरगत नगरका ६ वटा वडाहरुका अति विपन्न वस्तीहरुमा एक एक वटा नागरिक सचेतना केन्द्रहरु संचालनमा आएका छन् । यि केन्द्रहरुको परिपक्वता मापन गर्दा सवै केन्द्रहरु परिपक्व स्थीतिमा आई पुगेका छन् । सबै सचेतना केन्द्रका सदस्यहरुको योजना तर्जुमा प्रकृयामा अर्थपूर्ण सहभागिता रहने गरेको छ । नगर परिषद्वाट सचेतना केन्द्रकोलागि क्षमता विकास कार्यक्रम अन्तरगत बजेट विनियोजन गरिएको छ । ६ वटा सचेतना केन्द्रहरुमा घुम्तिकोष रकम रु एक लाख संचालनमा ल्याई १ वर्षको अवधिमा ५० जना सदस्यहरु लाभान्वित भएका छन् । घुम्ति कोषवाट लिएको रकम बाख्रा/ कुखुरा पालन, तरकारी खेती, ससानो व्यापारिक पसल आदीमा लगानि गर्ने गरिएको छ । यसैगरि केन्द्रका सदस्यहरुवाट खुल्ला दिसामुक्त वडा घोषणा, पुर्ण खोपयुक्त वडा घोषणा, पुर्ण साक्षर नगर जस्ता राष्ट्रिय कार्यक्रमहरुमा पूर्ण सकृयता रहने गरेको छ । गरिविको अन्तरनिहित कारण विश्लेषण कार्य (UCPA) सबै १३ वटै वडामा सम्पन्न भएको छ । सचेतना केन्द्र स्थापना हुन बांकी ७ वटा वडाहरुमा केन्द्र गठनका लागि अन्तिम चरणको गृहकार्य भएको छ ।

## २.४ उपभोक्ता समितिको अवस्था :

उपभोक्ता समितिहरु स्थानिय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिम गठन हुने गरेका छन् । समितिमा ३३ प्रतिशत महिला सहभागितालाई अनिवार्य गरिएको छ । ठूला योजना सञ्चालन गर्ने उपभोक्ता समितिहरुलाई अनुशिक्षण दिने गरिएको छ । समितबाट सञ्चालन हुने आयोजनाहरुमा आयोजना सम्पन्न पश्चात सार्वजनिक परीक्षण गर्ने गरिएको छ । उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरुमा सार्वजनिक सुनुवाई तथा सञ्चार माध्यमहरु मार्फत नागरिक निगरानी हुने गरेको छ । उपभोक्ता समितिहरुबाट प्रचलित ऐन नियम तथा कार्यविधिहरुको परिपालना सन्तोषजनक रुपमा भैरहेको हुंदा उपभोक्ता समिति उपर चेतावनी, कारवाही तथा पुनरगठन जस्ता घटना हुने गरेका छैनन् ।

## २.५ लक्षित वर्गको बजेट विनियोजन तथा खर्चको अवस्था :

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ अनुसार लक्षित बर्गको लागि बजेट विनियोजन गर्ने गरिएको छ । यस्तो बजेटबाट अधिकँशतः पूर्वाधार विकास सम्बन्धी योजना सञ्चालन भएका छन् । साथै विनियोजित बजेट अधिकँश रुपमा खर्च भएको छ । यस वर्षको परिषद्वाट लक्षित वर्गको लागि तोकिएको पूंजीगत वजेटको ३५ प्रतिशत सुनिश्चित गरि आय आर्जन, क्षमता विकास, सिपमूलक कार्यक्रमहरु तथा सम्बन्धित वर्गका जनताले प्रतक्ष्य फाइदा पाउने पूर्वाधार विकासका योजनाहरुमा नागरीक वडा मञ्चको सिफारिस अनुसार विनियोजन गरिएको छ ।

## २.६ नगरपालिका भित्र विभिन्न समिति, उपसमितिहरुको क्रियाशिलताको अवस्थाः

नगरपालिका अन्तरगत अनुगमन तथा सुपरीवेक्षण समिति, एकिकृत योजना तर्जुमा समिति, नगर स्तरिय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समिति, सामाजिक परिचालन समन्वय समिति, पदपुर्ति समिति, सार्वजनिक नीजि साझेदारी प्रवर्द्धन समिति, राजश्व परामर्श समिति, आयोजना व्यबस्थापन समिति जस्ता समितिहरु गठन भई क्रियाशिल रहेका छन् । समितिको बैठक आबश्यकता अनुसार बस्ने गरेको छ । समितिको काम कारवाही सम्बन्धी प्रतिवेदन नगरपालिका वैठकमा प्रस्तुत भई छलफल समेत हुने गरेको छ ।

# परिच्छेद तीन

# नगरपालिकाको कार्य सम्पादनको अवस्था

नगरपालिको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा प्रत्येक बर्ष अंक बढ्न गई उत्कृष्ठतातर्फ उन्मुख रहेको छ । नगरपालिकाले प्राप्त हुने अनुदानमा बढोत्तरी हुनुका साथै नगरपालिकाले सम्पादन गर्ने क्रियाकलापहरु थप व्यबस्थित हुदै गएका छन् । यसबाट नगरपालिकाले गरेका कार्यहरु प्रचलित ऐन, नियम, कार्यविधि तथा निर्देशिका बमोजिम रहेको समेत पुष्टि भएको छ । आ.ब. २०७०।७१ को मूल्यांकनमा नगरपालिकाले प्राप्त गरेको नतिजा तल यस प्रकार रहेको छ :

**नगरपालिकाको कार्यालयको आ.व. २०७०।७१ को कार्यक्षेत्रगत नतिजा**

| कार्यसम्पादन मापन/क्षेत्र | सूचक संख्या | अधिकतम अंक | प्राप्तांक | प्रतिशत |
|---|---|---|---|---|
| १.स्थानीय शासन | ८ | २० | १७ | २०.५ |
| २.वित्तीय स्रोत परिचालन तथा व्यवस्थापन | ११ | २८ | २३ | २७.७ |
| ३.योजना तथा कार्यक्रम व्यवस्थापन | ८ | २० | १९ | २२.९ |
| ४.संगठन तथा जनशक्ति विकास | ५ | १ ० | ९ | १०.८ |
| ५.शहरी आधारभुत सेवा व्यवस्थापन | ८ | २२ | १६ | १९.३१ |
| जम्मा | ४० | १०० | ८४ | |

माथि उल्लेख गरिए अनुसार न्यूनतम शर्त तथा कार्य सम्पादनको मापनमा नगरपालिकाको छैठौं स्थान रहेको हुदा नगरपालिकालाई १५ प्रतिशत थप अनुदान प्राप्त हुने भएको छ ।

**आ.ब. २०६४/६५ देखि आ.ब २०७०/७१ सम्म ७(सात) बर्षको तुलनात्मक तालिका**

| क्र.स. | आ.ब. | प्राप्ताङ्क | अनुदान | कैफियत |
|---|---|---|---|---|
| १ | २०६४/६५ | ३७ | १० प्रतिशत कटौती | |
| २ | २०६५/६६ | ५८ | १० प्रतिशत थप | १९ औं स्थानमा |

| | | | | |
|---|---|---|---|---|
| ३ | २०६६/६७ | ६८ | १० प्रतिशत थप | २३ औं स्थानमा |
| ४ | २०६७/६८ | ८१ | २५ प्रतिशत थप | १० औं स्थानमा |
| ५ | २०६८/६९ | ८० | १० प्रतिशत थप | १० औं स्थानमा |
| ६ | २०६९/७० | ८२ | १५ प्रतिशत थप | ६ औं (छैठौं) स्थानमा |
| ७ | २०७०/७१ | ८४ | १५ प्रतिशत थप | ६ औं (छैठौं) स्थानमा |
| | | | | |

# परिच्छेद चार
# स्थानीय शासनमा पारदर्शिता र जवाफदेहीता

## ४.१ नगरपालिका भित्रका उत्तरदायित्व अनुगमन सम्बन्धमा कार्य गरीरहेका गैसस एव नागरिक समाजका संस्थाहरु, क्रियाकलापहरु र कार्यक्षेत्र :

सिद्धार्थनगर नगरपालिका भित्र टान्सपरेन्सी ईन्टरनेशनल नामक अन्तरराष्टिय गैर सरकारी संस्थाको आर्थिक सहयोगमा पारदर्शि नेपाल नामक गैर सरकारी संस्थाले सेवा प्रवाह र नागरिक उत्तरदायित्व सम्बन्धी बिषयमा नागरिक प्रतिवद्धता पत्र, वहिर्गमन मत सर्वेक्षण तथा अन्तरक्रिया जस्ता कार्यक्रम समय समयमा सञ्चालन गर्ने गरेको छ । २ वटा रेडियो तथा स्थानीय पत्र पत्रिका, नागरिक सरोकार समाज, मोर्निग वाक ग्रुप जस्ता नागरिक समाजका संस्थाहरुले उत्तरदायित्व अनुगमन सम्बन्धी कार्यहरु गरिरहेका छन् । नगरपालिकाले ***हेलो सिद्धार्थनगर*** नामक फेसवुक, उजुरीपेटीका, सार्वजनिक सुनुवाई जस्ता माध्यमहरुबाट नागरिकहरुको सुझाव लिने र सो सुझावहरुको कार्यान्यिन गर्ने गरेको छ ।

यसैगरि स्थानीय शासन तथा उत्तरदायी संयन्त्रको सचिवालयवाट छनोट भएको ईन्द्रेणी नामक नागरिक समाजको संस्था वाट स्थानीय निकायको नीति नियम तथा कानुनी व्यबस्थाको परिपालना अनुगमन परियोजना कार्यान्वियन भई नागरिक वडा मञ्चका सदस्यहरुलाई सार्वजनिक परिक्षण सम्वन्धी अभिमुखिकरण कार्यक्कम संचालन भएको छ ।

## ४.२ नागरिकप्रतिको जवाफदेहीता वृद्धि गर्न संयन्त्र (Tools) को कार्यान्वयनको अवस्थाः

### ४.२.१ सार्वजनिक निकायले सञ्चालन गरेका संयन्त्रहरुको कार्यावियन को अबस्थाः

(क) सार्वजनिक सुनुवाई :

गत बर्षमा नगरपालिकाबाट स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ बमोजिम प्रत्येक चौमासिकमा पर्ने गरी ३ पटक सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको छ । वडा नागरिक मञ्चवाट लक्षित वर्गको कार्यक्कम तथा आयोजना छनौटमा सहजिकरण तथा अधिकारको वारेमा सुसुचित गरेको कारण ति वर्गका नागरिकहरुमा योजना प्रकृया तथा सार्वजनिक सेवा तथा नीति निर्माणको विषयमा चासो वढेको छ । यसबाट सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण जस्ता कार्यक्कममा सहभागी हुने र आफ्ना धारणा र विचारहरु निर्धक्क पूर्वक राख्ने कम वढ्दो रुपमा रहेको छ । गत वर्ष आयोजना भएका सार्वजनिक सुनुवाईमा लक्षित वर्गबाट जम्मा ........... वटा प्रश्नहरु सोधिएको थियो । त्यस्ता सुझाव र प्रश्नहरुको समाधानका लागि उपलब्ध साधन स्रोत र क्षमताले भ्याएसम्म सम्बोधन गर्ने गरेको छ । नगरपालिकावाट सम्वोधन हुन वांकि विषयहरुलाई सम्बन्धित निकायमा अनुरोध गर्ने गरिएको छ । हरेक सार्वजनिक सुनुवाईमा उठाइएका विषयहरुमा भएको प्रगतिलाई पछिल्लो सार्वजनिक सुनुवाईमा प्रस्तुत गर्ने गरिएको छ ।

गत वर्षको सार्वजनिक सुनुवाईको उपस्थिति

| सि.नं | समयावधी | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | पहिलो चौमासिक | १४९ | ९३ | २४३ |
| २ | दाश्रो चौमासिक | ६० | १५ | ८५ |
| ३ | तेश्रो चौमासिक | १४८ | ८५ | १९३ |

**(ख) सार्वजनिक परीक्षणः**

नगरपालिकाबाट संचालित सम्पूर्ण आयोजनाहरुको कार्य सम्पन्न भएपश्चात सार्वजनिक परिक्षण गर्ने गरिएको छ। सार्वजनिक परिक्षणमा उपभोक्ता समिति र आयोजनाको अनुगमन समितिका सदस्यहरु सहित अधिकतम आयोजना लाभग्राहिहरुको उपस्थिति रहने गरेको छ। यस्ता कार्यक्रमहरुमा वडा नागरिक मञ्चका सदस्यहरुको पनि उल्लेख्य उपस्थिती रहने गरेको छ।

**(ग) सामाजिक परीक्षणः**

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ को उपनियम (१) तथा स्थानीय निकाय साजिक परिक्षण कार्यबिधिले तोके बमोजिम आर्थिक बर्ष प्रारम्भ भएको प्रथम चौमासिक भित्र बर्षको एक पटक सामाजिक परीक्षण गर्ने गरिएको छ। न.पा र न.पा भित्रका सरकारी तथा गैर सरकारी निकायहरुवाट एक वर्षको अवधिमा भए गरेका सामाजिक जिम्मेवारी वहन सम्वन्धी स्वतन्त्र परामर्शकर्तावाट अध्ययन र परिक्षण गर्ने कार्य सम्पन्न भएको छ। सामाजिक परिक्षणवाट आएका सुझावहरुलाई नगरपालिका र सम्वन्धित निकायले पृष्ठपोषणको रुपमा लिई कार्यान्वयन गर्ने गरिएको छ।

**(घ) नागरिक वडापत्र :**

नगरपालिकाले २०५६ सालमा प्रथम पटक नागरिक वडापत्र जारी गरी बार्षिक रुपमा परिमार्जन गर्दै सोही बमोजिम कार्यान्वयन गर्दै आएको छ। २०७१ भाद्र देखि केही सेवा प्रवाहका क्षेत्रमा क्षतीपुर्ती सहितको नागरिक वडापत्र जारी गरि कार्यान्वयन गरिएको छ। सवै १३ वटा वडामा नागरिक वडापत्र जारी गरी कार्यान्वयनमा ल्याईएको छ। ईलेक्ट्रोनिक नागरिक वडापत्र तथा टेलिफोनबाट **Audio Notice Board** समेत कार्यान्वयन गर्ने तयारीमा नगरपालिका रहेको छ।

**(ङ) अन्य जवाफदेहीता वृद्धि गर्ने संयन्त्रको कार्यान्वयनको अवस्था :**

**नागरिक प्रतिवेदन पत्र (Citizen Report Card) :**

सिद्धार्थनगर नगपालिका कार्यालयले सार्वजनिक सुनुवाई गर्दै आएको छ । सो सुनुवाई हुनुपूर्व नागरिक प्रतिवेदन (Citizen Report ) तयार गरी पेश गरी सो माथि छलफल गरी सुझावहरु प्राप्त भयो । यस सम्वन्धि एक विवरण तल प्रस्तुत गरिएको छ ।

## नागरिक प्रतिवेदन (Citizen Report ) को एक नमुना

| राम्रा लागेका कुराहरु | सुधार गर्नुपर्ने कुराहरु |
|---|---|
| • नगरिक वडा पत्र राखिनु<br>• कार्य सजिलो छिटो छरितो भएको<br>• कर्मचारीको उपस्थिति राम्रो<br>• पहिला भन्दा सुधार छ<br>• सरसफाई सम्बन्धी नगर भित्र अभियान चलाईनु<br>• वडा र नगरपालिका दुवै ठांउमा कर्मचारी समयमा भेटिन्छन् ।<br>• मिठो बोलि र मिलनसार छन् ।<br>• आजकाल ईन्जिनियहरु पनि कार्यालयमा भेटिने गरेका छन् । | • नक्सा फांटमा ईन्जिनियर थप गर्न पर्ने तथा नक्सा पास गर्ने काम छिटो छरितो गर्नुपर्ने,<br>• नगरपालिकाको कार्यालय समय भित्र प्राविधिक ईन्जिनीयरहरु बहिरि कामका लागि जाने परिपाटि बन्द गर्नु पर्ने ।<br>• नगरपालिकाको काम वडा बाट पनि हुनु पऱ्यो<br>• भौतिक संरचना सुधार गर्नुपर्ने,<br>• कर्मचारीको व्यवहारमा व्यवहारमा सुधार गर्नु पर्ने<br>• बाटो घाटो, नाला बनाउनु पर्ने,<br>• सरसफाईको लागि नियमित रुपमा नगरभित्र जान थप गाडिको व्यवस्था गर्नु पर्ने ।<br>• गल्लामण्डिको वाटो पिच गर्नु पर्ने, |
| • रुपन्देही जिल्लाका अन्य नयाँ नगरपालिकाको तुलनामा यो नगरपालिकाको आयश्रोत राम्रो छ<br>• एडिबिको लगानीमा ठुला आयोजनाहरु सञ्चालित भएका छन् ।<br>• न.पा. का ४, ५, ९, र १० नम्बर कोठाहरु राम्रो लाग्यो । काम छिट्टै भयो । | • विकास निर्माण प्रभावशालीको व्यक्तिको प्रभावको आधरमा भएको देखिन्छ,<br>• नगर भित्र बिभिन्न ठाउमा बाल बगैचा तथा बालबालिकाहरुलाई खेल्नका लागि पार्कको व्यवस्था गर्नुपर्ने,<br>• निरक्षरलाई सेवा दिदा बढी ध्यान दिनु पर्ने<br>• हेल्प डेक्समा बस्ने कर्मचारीले नजानेका व्यक्तिको फारम भर्न सहयोग गर्नु पर्ने ।<br>• लुम्बिनी गेट नजिकैको ठेला, गाडि पार्किङ्ग हटाउने या व्यवस्थित गर्नु पर्ने ।<br>• सार्वजनिक जग्गाको संरक्षण प्रति ध्यान दिन पर्ने ।<br>• सार्वजनिक सुनुवाईमा भएका प्रतिवद्धता कार्यान्वयनमा जोड दिनु पऱ्यो ।<br>• भौतिक संरचना सुधार गर्नुपर्ने,<br>• न.पा.बाट सञ्चालित योजनाहरुको अनुगमन प्रभावकारी बनाउनु पर्ने ।<br>• कामको गुणस्तरमा ध्यान दिनुपर्ने । |

| | |
|---|---|
| | • सरसफाईको लागि नियमित रुपमा नगरभित्र जान थप गाडिको व्यवस्था गर्नुपर्ने । |

**सामुदायिक अंक पत्र** (Community Score Card), **सार्वजनिक खर्चको सोधखोज तथा पालना अनुगमन** ( Public Expenditure Tracking Survay & Compliance Monitoring) **सम्बन्धी कार्य गर्ने गरिएको छैन् ।**

**४.२.२ नागरिक समाजका संघ सस्थाहरुले सञ्चालन गरेका अन्य संयन्त्रहरुको अवस्थाः**

**Exit poll:** पारदर्शि नेपाल सिद्धार्थनगरले मिति २०७१।९।२० मा कार्यालय परिसरमा नगरपालिकाबाट सेवा लिई फर्किने सेवाग्राही नागरिकहरुसंग अभिमत लिने काम भएको थियो । सो कार्यक्रमबाट सार्वजनिक पर्ति जग्गाको संरक्षण गर्नुपर्ने, वडाबाट छनौटमा परेका योजनाहरु परिषद्मा नपरेको, सरसफाई र नाली व्यवस्थित गर्नु पर्ने, सडक मर्मत निर्माणमा जनसहभागितामा जोड दिनुपर्ने लगायत सुझावहरु प्राप्त भएको र नगरपालिकाले सो सम्वन्धी विषयमा तत्काल सुधारको प्रतिवद्धा जाहेर गरेको छ ।

**४.२.३ नगरपालिकामा गुनासा सुनुवाई सम्बन्धी व्यवस्थाः**

सुशासन सम्बन्धी ऐन, नियम र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधी बमोजिम नगरपालिकाले गुनासो सुन्ने अधिकारी वरिष्ठ अधिकृत श्री विवेककुमार खनाललाई तोकेको छ ।  नगरपालिकाले नागरिकका गुनासो प्राप्त गर्न  सुझाव पेटीकाको प्रयोग गर्ने गरेको छ । नगरवासीले गुनासो पेटीका भन्दा टेलिफोनबाट अत्यधिक गुनासाहरु राख्ने गरेका छन् । यसरी आउने गुनासाहरमध्ये सवैभन्दा बढी फोहोरमैला व्यवस्थापन, सडक ग्राभेल तथा सडक वत्ति व्यबसथापन सम्बन्धमा आउने गरेको छ । सार्वजनिक सम्पत्तिको संरक्षण तथा डुवान सम्बन्धमा समेत गुनासाहरु आउने गरेको पाईएको छ । आएका गुनासाहरुलाई नगरपालिकाको साधन स्रोतले भ्याएसम्म कार्यान्वयन गर्दै आएको छ ।

**४.२.४ सूचना अधिकारीको व्यवस्था र नगरपालिकाको सञ्चार र पारदर्शिता सम्बन्धी अभ्यास :**

सूचनाको हक सम्बन्धी ऐन २०६४ तथा नियमावली २०६५ बमोजिम पारदर्शिताको क्षेत्रमा प्रयाप्त काम भएका छन् । नगरपालिकाले शाखा अधिकृत देवप्रसाद ज्ञवालीलाई सूचना अधिकारी तोकेको छ । न.पा.का गतिविधिहरु सार्वजनिक गर्नको लागि दुई वटा एफ.एम. रेडियोहरु (रुपन्देही एफ.एम. र सिद्धार्थ एफ.एम.)मा मासिक चार पटक तथा लुम्बिनी टेलिभिजनबाट मासिक दुई पटक कार्यक्रम प्रसारण हुने बार्षिक सम्झौता भई सञ्चारको व्यवस्थापन गरिएको छ । सिद्धार्थनगर नगरपालिकाले वेवसाईट राखेको छ र यसमा लेखापरीक्षणका प्रतिवेदनहरु, नगरपालिका वोर्ड बैठकाका निर्णयहरु, नगरपरिषद्का निर्णयहरु राख्ने गरिएको छ । सूचनाको हक सम्बन्धी कर्मचारी तथा नगरस्तरिय राजनीतिक दलका प्रतिनीधिहरु समेत गरी ६५ जनालाई तालिम दिईएको छ । अघिल्लो आ.ब. मा २८ जना सूचना मागकर्तालाई सूचना उपलब्ध गराईएको छ । न.पा.वाट १९ प्रकारका स्वत: खुलाशा गर्नुपर्ने सूचनाहरु समयमै खुलाशा गरिएको छ ।

### ४.२.५ वित्तिय जोखिम न्यूनीकरण सम्बन्धी व्यवस्थाः

नगरपालिकाको आम्दानी र खर्च मासिक, चौमासिक, तथा बार्षिक रुपमा नगरपालिकाको website www.siddharthanagar.org.np मा राखिएको छ । रुपन्देही एफ.एम., सिद्धार्थ एफ.एम. गरी २ वटा एफ. एम., लुम्बिनी टेलिभिजनबाट र पत्रिकामा प्रकाशित गरी सार्वजनिक गर्ने गरिएको छ । नगरपालिकाको अन्तिम लेखा परीक्षण प्रतिबेदन वेवसाईटमा राख्ने गरिएको छ । अन्तिम लेखा परीक्षणबाट औंल्याएका विषयहरुलाई नगरपरिषद्मा पेश भई सुधारका लागि निर्णयहरु गर्ने गरिएको छ । नगरपालिकाको खाता सञ्चालन कार्यकारी अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुने गरेको छ । नगरपालिकामा आ.ब. २०६९/७० देखि एकिकृत सम्पीत्त करको शुरुवात भएको छ । यस कर अन्तरगत आ.ब. २०७१/७२ मा बार्षिक रु १ करोड आठ लाख आम्दानी भएको छ । नगरपालिकाको व्यसाय कर, अन्य कर, दस्तुर, दण्ड, जरिवाना, लगायतका स्रोतहरु र तिनीहरुको आम्दानीको व्यवस्थापनका सन्दर्भमा पारदर्शिताका लागि वेवसाईटमा राखीएको छ । आम्दानी र खर्च शिर्षक अन्तरगत मासिक चौमासिक तथा बार्षिक प्रतिवेदनमा समावेश गरी माथि उल्लेख गरिए बमोजिम सार्वजनिक गर्ने गरिएको छ ।

# परिच्छेद पांच

# अन्तरसम्बन्ध र समन्वय

## ५.१ ठाडो समन्वय :

नगरपालिका कार्यालय र वडा समितिको कार्यालयबीच राम्रो समन्वय हुने गरेको छ । न.पा.को संगठन संरचना अनुसार तीन महाशाखाहरुले आआफ्नो शाखाहरु र शाखाहरुले सम्वन्धित कर्मचारीलाई आवस्यक निर्देशन, राय सुझावहरु प्रदान गर्ने गरिएको छ । कर्मचारीहरुको मनोवल वढाउने र उत्प्रेरित गर्ने उद्धेश्यले नगरपरिषदले उतकृष्ठ कार्यसम्पादन भएका कर्मचारीलाई पुरस्कृत गर्ने गरिएको छ । वडा कार्यालयहरुको सम्वन्धमा कुनै वडा सचिव विदामा रहदा अर्को वडा सचिवले उक्त कामको जिम्मेवारी लिई सेवा प्रवाह सुचारु गरिन्छ । नगरपलिकाले मासिक रुपमा वडा सचिवहरुसंग बैठकको आयोजना गर्ने र वडागत कार्य प्रगति तथा समस्याहरुका बारेमा छलफल हुने र तत्काल समाधान गर्न सकिने समस्याहरु सम्बोधन हुने गरेको छ । न.पा.वाट समय समयमा वडा कार्यालयहरुको अनुगमन हुने गरेको छ । यसैगरि वडामा सञ्चालनमा रहेका गैर सरकारी एवं सामुदायिक संस्थाहरुलाई वडा कार्यालयहरुसंगको समन्वयमा काम गर्ने नीतिमा जोड दिने गरिएको छ ।

## ५.२ तेर्स्रो समन्वय :

नगरपालिकाले विभिन्न कार्यालयहरु जस्तो जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय, नेपाल टेलिकम, खानेपानी संस्थान, शिक्षा कार्यालय, यातायात कार्यालय, नेपाल बिद्युत प्राधिकरण, जिल्ला जनस्वास्थ्य कार्यालय, कृषि बिकास बैंक लिमिटेड आदीकोबीचमा असल समन्वय कायम गरेको छ । न.पा.वाट संचालन गर्ने सेवा प्रवाह तथा विकास निर्माण छिटो छरितो पारदर्शि, प्रभावकारी एवं गुणस्तरीय वनाउनको लागि सरकारी एवं गैर सरकारी कार्यालयहरुसंग सुचना आदान प्रदान, छलफल तथा समिक्षा गर्ने गरिएको छ । कतिपय नगरस्तरीय समितिहरुमा विषयगत कार्यालयको उपस्थितिले समन्वय र सझेदारी अभिवृद्धि गरेको छ ।

अन्य कार्यालयहरुवाट पनि न.पा. मा आवष्यक विषयमा समन्वय गर्ने गरिएको छ । न.पा.र ति कार्यालयका कर्मचारीहरुकावीचमा सुमधुर सम्वन्ध रहेको छ । न.पा.का गतिविधिमा प्रभावकारीताको लागि महाशाखा महाशाखा र शाखा शाखावीचमा पनि संगठन संरचना अनुसार कार्यगत समन्वय रहेको र यि सवै समन्वयको अनुगमन कार्यालय प्रमुखवाट हुने गरेको छ । न.पका वडा कार्यालयहरुको समेत विषयगत कार्यालयहरुसंग समन्वय रहेको र सहयोग आदान प्रदान हुने गरेको छ ।

जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक कार्यालयसंग खासगरी सडक पेटीमा राखीएका व्यवसायीक र निर्माण सामाग्रीहरु हटाउने, पार्किगं व्यवस्थित गर्ने, बसपार्कलाइ व्यवस्थित गर्ने, छाडा पशुबस्तुहरु नियन्त्रण गर्ने, रिक्सा तथा ठेलाहरुको व्यबस्थापन गर्ने, विकास निर्माण कार्यमा आउने अवरोधहरु हटाउने जस्ता कार्यमा सहयोग आदान प्रदान हुने गरेको छ। सडक विस्तारको क्रममा हटाउनु पर्ने खानेपानीको पाईप लाईन, विद्युत तथा टेलिफोन पोल स्थानान्तरणका लागि क्रमशः खानेपानी संस्थान, नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमसंग समन्वयमा कायम हुदै आएको छ। खानेपानी सुविधा विस्तारका क्रममा सडक तथा पेटी काट्नु परेमा नगरपालिकाको सिफारिशका आधारमा मात्र काम गर्ने गरी समन्वय गरिएको छ। भिटामिन तथा पोलियो खुवाउने जस्ता राष्टिय कार्यक्रममा पनि सम्बन्धित कार्यालयहरुसंग सहकार्य हुदै आएको छ।

## ५.३ गैरसरकारी संघसंस्था तथा नागरिक समाजसंगको समन्वयः

न.पा.को गैरसरकारी संघसस्था तथा नागरिक समाजका निकायहहरुसंग समन्वय हरहमेशा हुने गरेको छ। वडास्तरिय स्वास्थ्य तथा सरसफाई समितिहरु, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, वडास्तरिय बालबालिका क्लबहरु, वडास्तरिय शिक्षा सम्बन्धी समितिहरु लगायत संघ संस्थाहरुसंग समन्वय र सहकार्यमा कार्यक्रमहरु गर्दै आएको छ।

बेला बेलामा नगरपालिकाले आयोजना गर्ने विभिन्न कार्यक्रममा उल्लेखित संघसस्थाहरुको सक्रिय सहभागिता भई नगरपालिकालई सल्लाह सुझावहरु प्राप्त हुने गरेको र सोका आधारमा नगरपालिकाले विकास निर्माण लागयतको कार्यक्रमहरु सञ्चालनमा ल्याउने गरेको छ । यस्तो समन्वयको कारण कार्यक्रम कार्यन्वयनमा दोहोरोपन नआउनुको साथै संघ संस्थाहरुवाट भए गरेका कामहरुको विषयमा पनि नगरपालिकालाई जानकारी हुने गरेको छ। नगरपालिकाले नागरिक समाज एवं निजि क्षेत्रलाई विकास सझेदारको रुपमा लिने गरेको छ।

## ५.४ सञ्चार माध्यमसंगको सहकार्य :

नेपाल पत्रकार महासंघ लागयत सञ्चार माध्यमसंगको भूमिका र नगरपालिकाको समन्वय सुमधुर रहेको छ। नगरपालिकाले न.पा.का गतिविधि सम्वन्धी सूचनाहरु सञ्चार माध्यमले माग गरेको वखत जुनसुकै वखतमा दिने गरेको छ। संचार जगतवाट आएका यथार्थपरक कुराहरुलाई पृष्ठपोषणको रुपमा लिने गरिएको र यि माध्यमहरुलाई स्वच्छ सुझावको लागि उत्प्रेरित समेत गर्ने गरिएको छ। नगरपालिकाले सञ्चारमध्यमको रुपमा टेलिभिजन, रेडियो, तथा पत्रपत्रिका मार्फत आफ्ना गतिविधिहरु सार्वजनिक गर्ने गर्दछ। यसका लागि नगरपालिका र लुम्बिनी सामुदायिक टेलिभिजनबीच ***हाम्रो नगर, राम्रो नगर सिद्धार्थनगर*** कार्यक्रम संचालन गर्न बार्षिक रुपमा सम्झौता गरिएको छ। उक्त कार्यक्रम मासिक रुपमा

१५ गते भित्रको अन्तिम विहिबार साँझ ८.०० बजे देखि ८.३० बजे सम्म आधा घण्टा तथा महिनाको अन्तिम विहिबार सोही समयमा प्रशारण हुने गरेको छ ।

यसैगरि रेडियोतर्फ रुपन्देही एफ.एम. १०२ मेघाहर्जसंग बार्षिक रुपमा सम्झौता भई ***हाम्रो नगर हाम्रो भैरहवा*** कार्यक्रम प्रशारण भईरहेको छ । हप्ताको एउटा कार्यक्रम गरी मासिक ४ वटा कार्यक्रम प्रशारण गर्नु पर्ने र प्रशारण समय हरेक हप्ताको विहिबार विहान ७.३० बजे देखि ८.०० बजे सम्म कायम गरिएको छ । सिद्धार्थ एफ.एम. ९८.८ मेघाहर्जसंग हरेक हप्ताको आईतबार विहान ७.३० बजे देखि ८.०० बजे सम्म आधा घण्टाको ***हाम्रो सिद्धार्थनगर*** कार्यक्रम संचालनका लागि बार्षिक सम्झौता गरी कार्यक्रम प्रशारण हुने गरेको छ । **पत्र**पत्रिकातर्फ नगरपालिकाले बेला बेलामा पत्रकार भेटघाट कार्यक्रमको आयोजना गर्ने गरेको छ । नगरपालिका विभिन्न गतिविधहरु तथा पत्रकारका जिज्ञासाहरुलाई समेटेर संचालन हुने पत्रकार अन्तरक्रिया कार्यक्रम प्रभावकारी रुपमा हुने गरेको छ । पत्रकाहरुले विकास निर्माण कार्यमा निर्वाह गर्ने उल्लेख्य भूमिकाका लागि नगरपालिकाले सिद्धार्थ पत्रकारिता पुरस्कारबाट हरेक बर्ष पत्रकारहरुलाई सम्मान गर्दै आईरहेको छ ।

# परिच्छेद छ

# निष्कर्ष तथा सुझावहरु

## ६.१ निष्कर्ष

सिद्धार्थनगर नगरपालिकाले सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई अपनाएको छ। वडा भेला गर्ने र वडा भेलाबाट आएका योजनाहरु तथा लक्षित बर्गका कार्यक्रमहरुलाई प्राथमिकतका आधारमा एकिकृत योजना तर्जुमा, नगरपालिका बोर्ड बैठक हुँदै नगरपरिषद्ले पारित गरी सोही बमोजिम कार्यान्वयन गर्दै आएको छ। नगरपालिकावाट १३ वटा वडाहरुमा गठन गरिएका वडा नागरिक मञ्च हरुको योजना तर्जुमा, कार्यान्वयन र नागरिक अनुगमनमा समेत महत्वपुर्ण भूमिका रहन गयो। सहभागितामूलक योजना तर्जुमा प्रक्रियाले लक्षित वर्गका मागहरु सम्वोधन हुन सकेको र सामाजिक विकासले न.पा.को आ.व.२०७२/०७३ को वजेटमा प्राथमिकता पाएको छ। नगरपालिकाको योजना सञ्चालन भए देखि अनुगमन तथा सुपरीबेक्षण समितिको सक्रियतामा अनुगमन भई प्राप्त सल्लाह सुझावका आधारमा सुधार गर्दै योजनाहरु समयमा नै सम्पन्न गरीरहेको छ। कतिपय योजनाहरु नगरपालिकाको एक्लो प्रयाशबाट मात्र सम्भव नहुने हुँदा उपभोक्ता समितिलाई प्रोत्साहित गरी संयुक्त लगानीमा साना तथा ठूला योजनाहरु सम्पन्न भएका छन्। त्यसबाट नगरबासीमा उत्साह आउनुका साथै विकासले गति लिन लागेको महशुस गरिएको छ।

एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा यस नगरमा सञ्चालित एकिकृत शहरी बिकास आयोजनाको कार्यान्वयन शुरु भएको छ। करी ७९ करोडमा सतह ढल तथा सडक कालोपत्रे र मर्मत हुने छ भने अत्याधुनिक सेनेटरी ल्याण्ड फिल्ड साईट निर्माणको क्रममा छ। यसबाट यो नगरको बिकासमा थप टेवा पुग्ने देखिएको छ।

सिद्धार्थनगर नगरपालिकाले सुशासन कायम गर्नमा अहम भूमिका खेलेको छ। सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीले तोकेको स्वतः खुलाशा हुनपर्ने १९ प्रकारका सूचनाहरु र अन्य सबै प्रकारका सूचनाहरु वेवसाईटमा राखिएका छन्। नगरपालिकाको आम्दानी लगायतको खर्चको सम्पूर्ण विवरण, लेखा परीक्षणको अन्तिम प्रतिवेदन तथा आन्तरिक लेखा परीक्षण प्रतिवेदन, बोर्ड बैठकका तथा नगरपरिषद्का निर्णय वेव साईटमा राखिएका छन्। यसबाट नगरपालिकाको पारदर्शिता तथा आर्थिक जोखिम न्यूनीकरणमा भूमिका खेलेको छ। नगरपालिको सुशासन कायम गर्नका लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण लगायत बार्षिक प्रगति समिक्षालाई नियमित रुपमा गरी प्राप्त सल्लाह सुझावलाई बार्षिक नीति तथा कार्यक्रममा क्रमशः समावेश गर्दै लैजाने नगरपालिका बोर्ड बैठकले निर्णय समेत गरेको छ।

नगरपालिको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा प्रत्येक बर्ष अंक बढाई उत्कृष्ठतातर्फ उन्मुख रहेको छ। यसबाट नगरपालिकाले प्राप्त हुने अनुदानमा बढोत्तरी हुनुका साथै नगरपालिकाले गर्ने क्रियाकलाप ऐन, नियम, कार्यविधि तथा निर्देशिका बमोजिम रहेको पुष्टि भएको छ।

## ६.२ सुझावहरु

यस प्रतिबेदनबाट नगरपालिकाले सुशासनको क्षेत्रमा गरेका कार्यहरुको प्रस्तुती भै यथार्थ अवस्थाको चित्रण हुने, सकारात्मक अनुभवहरु आदान प्रदान गर्न सकिने, सुधारका क्षेत्रहरु पहिल्याउन सहयोग पुग्ने भएकोले यस किसिमको प्रयाशलाई सबै नगरपालिकाहरुमा पुर्‍याउन मंत्रालयबाट सकारात्मक भूमिकाको अपेक्षा गर्न सकिन्छ ।